# कैलाश

कुहिरो ले लुकामारि खेलि रहे को बेला,
उत्साह र उमंग  ले
चुम्म्नै आकंक्षा ले
हेरे तिमी लाइ अपलक
तर तिमी त सरोबर नियालि रहे को रहेछौ

सुन्दर धरा मा स्फटिक
सुन्दर मा तिमी पल्टिएको थियौ
अथवा तिमी भएर काया पलट भयको थियौ,
अथवा म भित्र को तिमी ले मलाइ यस्तो लागेको थियो,
एउटा अनुभुति आइ रहेथ्यो

दगु रें तिमी लाइ समाउन,
तिमी सँग धेरै बात गर्नु थियो
सोच्नै सकिन तिमि मतिर आइ रहेथ्यौ वा
म तिमी मा समाहित भैरहें थें ?

कोहि कोरा गरि रहे थे ,को हि परिक्रमा,
देब्रे बाट, दाहिने बाट,
टोपि लगाएका, नलगाएका
हात टेकेर अथवा मन टेकेर ।

त्यो कुमार कुम्भ मेला मा
आफ्नो टोपि छाम्दै ,
टोपि–टोपि को युद्ध भू मी मा
म भने तिमी भित्र को तिमी लाइं खोजि रहेथें

सायद कालकूट को डाहा  ले
तिमी भने  छेस्कनि लगएर भित्र पल्टि रेहेको थियौ,
म आफ्नै औडाहाले तिमी लाइ भेट्न चाहंथें
सारा का सारा ओकल्न चाहंथें

न नन्दि  न भ्रिंङगि
दक्ष युद्ध मा गए छन क्यारे,
तिमी सायद भित्र बाट नन्दा चिहाइ रहो को थियौ,
मभने तिमी भित्र को तिमीलाइं खोजि रहेथें

सतलज किनरा मा निदायकी
जुडि को अस्तु बोकि,
आफैं भग्नाबषेष भयर
तिम्रो पाउ मा आएँ
तिमी स्वतिका को पछाडि
खुइलेको तारा रंगएर बसेको रहेछौ

आज एक युग पछि
आफै अस्तु भएको बेला
तिमी लाइ सोधिरहे छु
केहि नदिएर पनि तिमी सबको  कसरि भएको छौ ?
म  दिएर पनि  परया भएको छु ।
एउटै कालकूट कस्तो औडाहा तिमीलाइ ?
म भने  यहि भेलमा बगि रहेछु ।

नोट:
सरोबर –मानोसरोबर
कोरा: परिक्रमा लाइ तिबेतिअन भन्ने (बोन सम्प्रदया ले देब्रे पारेर कैलाशघुम्ने र कसै ले चार हात पाउ टेकेर कैलाश परिक्रमा गर्छन )
टोपि    टोपि को युद्ध : बिभिन्ना धर्मिक सम्प्रदया को युद्धा ( जस्तै : छपारंग लद्धाख युद्ध)
नन्दा : नन्दा गिरि
सतलज : सतलज नदि
जुडि : एक मृत जर्मन

कपिल अधिकारी
डिसेम्बर 25,2002
ताइपे,ताइवान